(पेफा सचिवालयको त्रैमासिक प्रकाशन)

सार्वजनिक वित्तीय व्यवस्थापन समाचार

PEFA Newsletter

मंसिर, २०७५

बर्ष ६, अंक १४

# सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको क्षेत्रमा नयाँ आयोजना

## एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (IPFMRP) मा हस्ताक्षर



नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्बन्धी कार्य एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गर्नको लागि एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना २०७५/७६-२०७७/७८ तर्जुमा भई विश्व बैंकबाट व्यवस्थित दाताको बहुपक्षीय कोष (MDTF) को अनुदान सहायता र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन गर्न २०७५ भाद्र ८ मा सहायता सम्झौता सम्पन्न भएको छ ।

यो आयोजना दाताको बहुपक्षीय कोष (Multi-Donor Trust Fund) को अनुदान सहायता १ अर्ब ५० करोड र नेपाल सरकारको ३० करोड समेत रू. १ अर्ब ८० करोड (१ डलर = १०० नेपाली रूपैया का आधारमा) रकम खर्च हुने गरी स्वीकृत आयोजना हो।

यो आयोजना अर्थ सचिवको अध्यक्षतामा गठित सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको मार्गनिर्देशन अनुरूप सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालयको समन्वय तथा सहजीकरणमा सञ्चालन हुनेछ ।

***आयोजना सम्बन्धी महत्वपूर्ण मितिहरु***

| | |
|---|---|
| स्वीकृत मिति: | 28 June, 2018 |
| हस्ताक्षर मिति: | 24 Aug, 2018 |
| प्रभावकारी भएको मिति: | 24 Aug, 2018 |
| बन्द हुने मिति: | 30 July, 2021 |
| निकासा प्राप्त हुने अन्तिम मिति: | 30 Nov, 2021 |

**यस अंकमा**

नयाँ आयोजनामा हस्ताक्षर ... १
आयोजनाको सक्षिप्त परिचय... २
निर्देशक समितिको बैठक... ३
IPFMRP शुभारम्भ कार्यक्रम... ४
IPFMRP Support Mission... ५
कार्यक्रम सम्बन्धी अन्तरक्रिया... ६
विविध... .......................... ७

## IPFMRP कार्यान्वयन गर्ने निकाय, स्वीकृत बजेट, प्रमुख क्रियाकलापहरु तथा अपेक्षित उपलब्धी

| सि.नं. | कार्यान्वयन गर्ने निकायको नाम | स्वीकृत रकम (रू लाखमा) |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | ७९१ |
| २. | महालेखा परीक्षकको कार्यालय | ४००० |
| ३. | महालेखा नियन्त्रक कार्यालय | २७९९ |
| ४. | राष्ट्रिय योजना आयोगको सचिवालय | ९६२ |
| ५. | सार्वजनिक लेखा समितिको सचिवालय | २६८ |
| ६. | सार्वजनिक खरीद अनुगमन कार्यालय | ४००० |
| ७. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २९७ |
| ८. | नेपाल चार्टड एकाउण्टेट संस्था | ७५५ |
| ९. | पेफा सचिवालय | ४१२८ |
| जम्मा | | १८००० |

**आयोजनाका प्रमुख कार्यक्रम/क्रियाकलापहरु:**

संघ, प्रदेश तथा स्थानीय तहको सार्वजनिक खर्च र राजस्व व्यवस्थापनमा सुदृढीकरण गर्ने:

१.१. बजेट तथा राजस्व प्रणाली सुदृढीकरण गर्ने

१.२. वित्तीय प्रतिवेदन तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने

१.३. सार्वजनिक वित्तीय व्यवस्थापन क्षमता अभिवृध्दि गर्ने

महालेखा परीक्षकको कार्यालयको सुदृढीकरण:

२.१. संघीय संरचनामा लेखापरीक्षणको गुणस्तर तथा विश्वसनीयता अभिवृध्दि गर्ने

२.२. लेखापरीक्षण व्यवस्थापनमा दिगोपना तथा सूचना प्रविधिको प्रयोगको अभिवृध्दि गर्ने

२.३. नागरिक सहभागितामूलक कार्यसम्पादन लेखापरीक्षणमा अभिवृध्दि गर्ने

सार्वजनिक खरिदमा सुधार:

३.१. सार्वजनिक खरिदमा सुशासन तथा निगरानीमा सुधार गर्ने

३.२. सार्वजनिक खरिद व्यवस्थापनको क्षमता तथा गुणस्तरियता अभिवृध्दि गर्ने

३.३. विधुतीय सार्वजनिक खरिद प्रविधि (e-GP) मार्फत खरिदको कार्यसम्पादन मूल्यांकनमा

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार तथा समन्वय:

४.१. पेफा सचिवालयको सुदृढीकरण तथा आयोजना व्यवस्थापनमा सहयोग गर्ने

४.२. सार्वजनिक वित्तीय व्यवस्थापन सुधारमा नागरिक सहभागिता अभिवृध्दि

४.३. सार्वजनिक वित्तीय व्यवस्थापनका कार्यहरुको संघीयकरणमा आईपर्ने पहलहरु सम्बन्धि क्रियाकलापहरु कार्यान्वयन

**आयोजनाका अपेक्षित उपलब्धीहरु:**

- एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीको विकास
- सञ्चित कोष व्यवस्थापन, तथ्यांक तथा सूचना प्रविधि प्रणालीको परिमार्जन
- तीनै तहको सरकारको बजेट प्रणालीमा एकरुपता
- मध्यकालीन खर्च संरचना सहितको बजेट प्रणालीको स्थापना
- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको स्थापना
- महालेखा परीक्षक कार्यालयको थप सुदृढीकरण
- तीनै तहका सरकारको अन्तिम लेखापरीक्षणमा प्रभावकारिता
- कार्यसम्पादनमा तथा जोखिममा आधारित लेखापरीक्षण विधी
- सार्वजनिक खरिद अनुगमन कार्यालयको क्षमता विकास
- तीनै तहमा एकरूपतामा आधारित सार्वजनिक खरीद प्रणालीको सञ्चालन व्यवस्था
- e-GP प्रणालीको विकास र संचालन

## २५ औ र २६ औ  निर्देशक समितिको बैठक सम्पन्न

### २५ औ पेफा निर्देशक समितिको बैठक सम्पन्न

२०७४ श्रावण २५ गते अर्थ सचिव श्री शान्तराज सुवेदीको अध्यक्षतामा पेफा निर्देशक समितिको २५ औ बैठक बसेको थियो । उक्त बैठकमा नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति दोस्रो चरण कार्यान्वयनका लागि पेफा सचिवालयले तयार गरेको एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको दस्तावेज पेश भई छलफल भएको थियो । सो बैठकले सार्वजनिक वित्तीय व्यवस्थापन सुधारसँग सम्बन्धित आयोजनाहरु विभिन्न निकायले फरक फरक रुपमा कार्यान्वयन गर्दा हुने दोहोरोपनाको सम्भावनालाई न्यूनीकरण गरी सुधार कार्यलाई दीगो बनाउन आयोजना एकीकृत रुपमै कार्यान्वयन गर्न सबै उपआयोजना सञ्चालन गर्ने निकायलाई निर्देशन दिने निर्णय गर्यो । सो बमोजिम समितिले उपआयोजनाहरुको कार्यान्वयन उपआयोजनासँग सम्बन्धित निकायबाटै हुने गरी क्रियाकलापहरु विस्तृतीकरण गरी अन्तिम रुप दिन र  MDTF को अनुदान सहायता प्राप्त गर्ने गरी अर्थ मन्त्रालय मार्फत Negotiation अगाडी बढाउन पेफा सचिवालयलाई निर्देशन दिएको थियो । बैठकले नेपाल सरकारको वित्तीय व्यवस्थापन प्रणालीको सुधारमा उल्लेख्य आधार स्थापित गर्न सफल नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण आयोजना (दोस्रो) सन्तोषजनक रुपमा सफल भएकोले प्राप्त उपलब्धीलाई दिगोपना दिई भावी सुधारका कार्यक्रमहरुसँग आवद्ध गर्दै लैजान सचिवालयलाई निर्देशन दिनुका साथै उक्त आयोजना कार्यान्वयन गर्ने निकाय, पदाधिकारी तथा दातृ संस्थालाई धन्यवाद दिएको थियो ।

### २६ औ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको बैठक सम्पन्न

२०७५ श्रावण ३ गते अर्थ सचिव श्री राजन खनालको अध्यक्षतामा वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको २६ औ बैठक बसेको थियो । उक्त बैठकले तत्कालित पेफा निर्देशक समितिको नाम परिवर्तन गरी सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समिति राख्ने, उक्त निर्देशक समितिको उपाध्यक्षमा राजश्व सचिव, तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सम्बन्धित सचिव र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव सदस्यको रुपमा थप गर्ने र निर्देशक समिति मातहत रहेको कार्य समितिमा तत् तत् निकायका सह सचिवलाई सदस्यका रुपमा थप गर्ने लगायतका निर्णयहरु गरेको थियो । उक्त बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवको संयोजकत्वमा प्रदेश पेफा कार्यान्वयन इकाईको गठन गर्ने निर्णय समेत गरेको थियो । सो बैठकले दाताको बहुपक्षीय कोषको अनुदान र नेपाल सरकारको स्रोत परिचालित हुने गरी भएको सम्झौताका शर्त बमोजिम एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन आयोजना सञ्चालनको व्यवस्थापन प्रभावकारी रुपमा गर्न पेफा सचिवालयलाई निर्देशन दियो । SuTRA प्रणालीमा आवश्यक परिमार्जन सहित निश्चित समयभित्र कार्यान्वयन भईसक्ने गरी ठोस योजना तयार गर्न र एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध गराइ महालेखा नियन्त्रक कार्यालयको स्वामित्व र संलग्नता सहित दीगो रुपमा सञ्चालन हुने गरी समन्वयात्मक रुपमा कार्यसम्पादन गर्न सो बैठकले पेफा सचिवालयलाई निर्देशन दिएको थियो ।



## एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना शुभारम्म समारोह सम्पन्न

सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउने सन्दर्भमा नेपाल सरकार र विश्व बैंक PFM-MDTF बीच सम्झौता सम्पन्न भएको एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना September 27, 2018 मा एक कार्यक्रम गरी शुभारम्भ (Launching) गरियो । होटल याक एण्ड यतीमा भएको उक्त कार्यक्रममा नेपाल सरकारका महालेखा नियन्त्रक सुरेश प्रधानले उक्त आयोजना शुभारम्भ गर्नुभएको थियो । उक्त कार्यक्रममा विश्व वैंक नेपालका Country Manager Faris Hadad-Zervos, यस Project का Task Team Leader Jiwanka B. Wickramasinghe ले नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारमा यस आयोजनाको महत्वपुर्ण भुमिका रहेको बिचार व्यक्त गर्नुभएको थियो । उप-महालेखा परीक्षक रामु प्रसाद डोटेलले सो कार्यक्रमको औचित्यताको बारेमा बिचार व्यक्त गर्नुभयो । PFM-MDTF को तर्फबाट DFID नेपालका प्रमुख  Rurik Marsden OBE ले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । पेफा संयोजक सुशील पाण्डे तथा सदस्य सचिव मुरारी निरौलाले आयोजनाको उदेश्य, कार्यान्वयन इकाईहरु, आयोजनाको कम्पोनेन्टहरु लगायतको विषयमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रमको दोस्रो सत्रमा सम्बन्धित आयोजना कार्यान्वयन इकाईहरुसंग मिसनमा सहभागि दातृ समुदायका सम्बन्धित प्रतिनिधि र पेफा सचिवालयका पदाधिकारी सहित कार्यक्रम संचालन गर्न कार्ययोजना तयारी सम्बन्धमा छलफल तथा अन्तरकृया भएको थियो ।






## IPFMRP Implementation Support Mission सम्पन्न

एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउने सन्दर्भमा दाता समुहहरुको Implementation Support Mission September 26, 2018 देखि October 3, 2018 सम्म आयोजना गरियो । दातृ निकायहरुका प्रतिनिधीहरु सहित मिसनले महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, सार्वजनिक लेखा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, पेफा सचिवालय लगायतका निकायहरु भ्रमण गरी सम्बन्धित निकायका प्रमुख तथा पदाधिकारीहरुसँग छलफल गरेको थियो । मिसनको दोस्रो दिन आयोजनाको शुभारम्भ समारोह सम्पन्न भएको थियो । उक्त मिसनले September 30 देखी October 2 सम्म प्रदेश ५ अन्तरगतका आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय लगायत कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देही, बुटवल उप महानगरपालिका र मायादेवी गाउँपालिकाको स्थलगत अध्ययन गर्नुका साथै सम्बन्धित निकायका पदाधिकारीहरुसंग सार्वजनिक वित्तीय व्यवस्थापनको विविध विषयमा छलफल समेत गरेको थियो । उक्त भ्रमणमा PFM-MDTF का विभिन्न दाताहरु तथा विश्व बैकका कर्मचारीहरु लगायत पेफा सचिवालयका कर्मचारीहरुको संलग्नता रहेको थियो ।

मिसनको अन्तमा सम्बन्धित कार्यान्वयन इकाईहरुले निर्धारित समयावधि भित्र सम्पादन गर्नुपर्ने विभिन्न २० वटा Agreed Actions सहितको Aide Memoire मा हस्ताक्षर भएको थियो ।

## आयोजना कार्यान्वयन सम्बन्धी अन्तरकृया कार्यशाला




आयोजना अन्तर्गतका विभिन्न कार्यान्वयन इकाईमा संलग्न रहेका अधिकृतहरुको सहभागितामा सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी दुई दिने बृहत अन्तरक्रियात्मक अभिमुखीकरण कार्यशाला धुलिखेलमा सम्पन्न भयो। सो कार्यक्रम महालेखा नियन्त्रक श्री सुरेश प्रधानको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रमलाई महालेखा नियन्त्रक श्री सुरेश प्रधानले पानसमा बत्ती बालेर उद्घाटन गर्नुभएको थियो । महालेखा परीक्षक कार्यालयका नायव महालेखा परीक्षक श्री बामदेव शर्माले आयोजनामा संलग्न सबै निकायहरुको एकीकृत प्रयासमा नै सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको अपेक्षित नतिजा हासिल गर्न सम्भव रहेको भन्दै उक्त कार्यशालाको प्रभावकारी रुपमा सफलताको लागि शुभकामना मन्तव्य दिनुभयो । त्यसै गरी विश्व बैंक नेपालका प्रतिनिधि श्री फ्रयाँङ्क बेसेटबाट शिशु अवस्थामा रहेको उक्त सुधार आयोजना कार्यान्वयनमा पेफा सचिवालयको महत्वपूर्ण संयोजकीय भूमिका रहेको कुरा व्यक्त गर्दै विश्व बैंकले एउटा साझेदार हुन पाएकोमा खुशी व्यक्त गर्नुभयो । उक्त कार्यशालामा महालेखा नियन्त्रक श्री सुरेश प्रधानबाट संघीयताको कार्यान्वयनसँगसँगै ७६१ वटा सरकारका आ-आफ्नै ऐन कानून तर्जुमा तथा कार्यान्वयनको सिलसिलामा सार्वजनिक वित्तीय व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा वित्तीय प्रतिवेदनलाई कसरी एकीकृत गर्ने, उत्तरदायित्व कायम कसरी गर्ने, वित्तीय जोखिम कसरी कम गर्ने, value for money कसरी कायम गर्ने, प्रमाणमा आधारित खर्च प्रणालीको सुनिश्चितता हासिल कसरी गर्ने जस्ता चुनौतीलाई समाधान गर्ने तर्फ यस कार्यशालाले महत्वपूर्ण योगदान दिने कुरा बताउनु भयो । पेफा संयोजक तथा सह-महालेखा नियन्त्रक श्री सुशील पाण्डेबाट आयोजनाका क्रियाकलापबारे छलफल, आयोजनाका क्रियाकलाप र LMBIS बीच तादाम्यता, परिवर्तित सन्दर्भमा आयोजनाका क्रियाकलापमा आवश्यक संशोधन, वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना, बार्षिक खरिद योजना निर्माण, विश्व बैंकको STEP system बारेमा अभिमुखीकरण, आयोजनाको आर्थिक व्यवस्थापन, प्रतिवेदन, खर्च शोधभर्नाको प्रकृया र आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनुपर्ने अन्य उपायहरु आदि यस कार्यशालाका उद्देश्यहरु रहेको कुरा बताउनु भयो । पेफा सचिवालयका सदस्य-सचिव मुन कुमार के.सी.ले IPFMRP आयोजनाको उद्देश्य, अवयव (component) हरू लगायतका विषयमा प्रस्तुती गर्नुभयो । विश्वबैंकको तर्फबाट Senior Procurement Specialist शम्भु उप्रेती, Procurement Specialist चन्द्र किशोर मिश्र, Financial Specialist तिमिला श्रेष्ठ तथा STEP Champion निना श्रेष्ठबाट आयोजनाको खरिद प्रकृया, वित्तीय व्यवस्थापन, TOR तयारी गर्दा ध्यान दिनुपर्ने बिषय, STEP Entry लगायतका बिषयमा प्रस्तुती गरिएको थियो । सम्बन्धित निकायहरुबाट चालु आ व को कार्यक्रमको कार्यान्वयको अवस्था, कार्यक्रममा आवश्यक संशोधन गर्नुपर्ने विषय, कार्यान्वयनमा रहेका चुनौती तथा पेफा सचिवालयबाट गर्नुपर्ने समन्वय लगायतका विषयमा प्रस्तुती गरिएको थियो ।

# विविध

## सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसंचालन निर्देशिका २०७५ जारी




नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारलाई थप प्रभावकारी बनाउन वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको २६ औ बैठकको निर्देशन बमोजिम सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसंचालन निर्देशिका २०६४ लाई परिमार्जन गरी ***सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्य संचालन निर्देशिका २०७५*** मिति २०७५/६/७ मा स्वीकृत भएकोछ । त्यसैगरी IPFMRP कार्यान्वयन प्रकृयालाई थप प्रभावकारी बनाउन विश्व बैंक नेपालको सहमतिमा आयोजना कार्यान्वयन मार्गदर्शन २०७५ समेत जारी गरिएको छ ।

## आयोजना समन्वय समितिको बैठक सम्पन्न

एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको आयोजना समन्वय समितिको बैठक मिति २०७५।५।२० मा पेफा सचिवालयका संयोजक सुशील पाण्डेको संयोजकत्वमा बसेको थियो । सो बैठकमा आयोजना कार्यान्वयन निर्देशिका २०७५ को मस्यौदामा सम्बन्धित आयोजना कार्यान्वयन इकाईहरुले अध्ययन गरी एक हप्ता भित्र पेफा सचिवालयलाई आवश्यक सुझाव दिने, सम्बन्धित आयोजना कार्यान्वयन इकाईका संयोजकहरु रहने गरी आयोजना समन्वय समितिको गठन गर्ने र उक्त समितिको बैठक मासिक रुपमा कार्यान्वयन इकाईहरुमा आलोपालो रुपमा आयोजना गर्ने लगायतका निर्णयहरु भएको थियो ।

## आ व २०७४/७५ को दातृ निकाय स्रोततर्फ खर्च भएको रकम सोधभर्ना

IPFMRP कार्यान्वयनको लागि आयोजनाको वित्तीय सम्झौता बमोजिम आयोजनाको खर्च शोधभर्ना प्रयोजनको लागि नेपाल राष्ट्र बैंकमा अमेरिकी डलर खाता खोलिएको छ । सो आयोजनाको Financing Agreement अनुसार शोधभर्ना हुनेगरी खर्च भएको गत आ व को Retroactive Expenditure रकम रु ११ लाख ८२ हजार शोधभर्ना प्राप्त भएको छ ।

## पेफामा नयाँ संयोजक तथा सदस्य सचिवको पदस्थापन

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालयको संयोजक र सदस्य सचिवको जिम्मेवारी परिवर्तन भएको छ । पेफा संयोजकमा सह महालेखा नियन्त्रक सुशील पाण्डे र सदस्य सचिवमा उप महालेखा नियन्त्रक मुन कुमार के सी लाई तोकिएको छ ।

# PEFA Newsletter


## पेफा सचिवालयको संक्षिप्त परिचय

पेफा सम्बन्धी क्रियाकलापहरुको संचालन गर्न वि सं २०६६ मा अर्थ मन्त्रालय अन्तरगत पेफा सचिवालयको स्थापना भएको हो । अर्थ सचिवको अध्यक्षतामा रहेको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको मार्गदर्शनमा संचालन हुने यो सचिवालयको संयोजकको रुपमा नेपाल सरकारका सह महालेखा नियन्त्रक रहने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयको परिसरमा रहेको यस सचिवालयमा संयोजक सहित जम्मा १२ जना कर्मचारी कार्यरत रहेका छन् ।

### पेफामा कार्यरत कर्मचारीहरु:

| | |
|---|---|
| संयोजक: | सुशील पाण्डे |
| सदस्य सचिव: | मुन कुमार के. सी. |
| लेखा अधिकृतहरु: | विद्या अधिकारी |
| | श्रीराम ठाकुर |
| | गायत्री पौडेल |
| | चित्र बहादुर के. सी. |
| लेखापाल: | दीपक ज्ञवाली |
| पुस्तकालय सहायक: | शर्मिला कुमारी शर्मा |
| सवारी चालकहरु: | कुमार थापा मगर |
| | चन्द्र सिंह लामा |
| कार्यालय सहयोगी: | निर्मला पन्त |
| परामर्शदाता: | राजेन्द्र बज्राचार्य |

## पेफा सचिवालयको संरचना




### सम्पर्क:


पेफा सचिवालय

म. ले. नि. का. परिसर, अनामनगर

फोन नः ०१४७७०७०६

फ्याक्सः ०१४७७०७०६

email: pefanepal@pefa.gov.np

Website: http://pefa.gov.np